अपिहिमाल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०८०-०८१
सूचना नं. ६१

(प्रशासन शाखा)

## तोकिएको समयमा कार्य सम्पन्न गर्ने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मितिः २०८१।०१।१६)

यस गाउँपालिकाद्वारा चालु आर्थिक वर्षमा संचालन गरिएका विभिन्न निर्माण कार्यसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरू सम्झौता भई कार्यान्वयनको क्रममा रहेको सन्दर्भमा आयोजना सम्झौता हुँदा उल्लेख गरिएको कार्य सम्पन्न गर्ने अन्तिम समय सीमा भित्र सबै सरोकारवालाहरूले कार्य सम्पन्न गरी भूक्तानीका लागि विल भरपाई लगायत आवश्यक कागजात पेश गर्न हुन अनुरोध छ । साथै निर्माण पक्षको लापर्वाही तथा ढिलासुस्तीका कारण तोकिएको अवधि भित्र कार्य सम्पन्न नहुने अवस्थामा कार्यालयले म्याद थप गर्न नसक्ने र सम्झौताको म्याद भित्र अन्तिम भुक्तानीको लागि पेश हुन आएका विल भौचरको मात्रै भुक्तानी हुने बेहोरा जानकारी गराइन्छ ।

गाउँ कार्यपालिकाको कार्यालयसँग सम्झौता गरी निर्माण कार्य अगाडि नबढाउने, ढिलासुस्ती गर्ने, पेश्की रकम लिई अन्यत्र खर्च गर्ने र तोकिएको समय सीमा भित्र कार्य सम्पन्न नगर्ने पक्षलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क, र दफा ५९ को उपदफा (७) र (८) बमोजिम सम्झौता रद्द गरी बाँकी रहेको कार्य बोलपत्र जमानत जफत गरी प्रचलित नियमानुसार पूरा गरिने बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थः**

श्री अध्यक्षज्यूको सचिवालय, अपिहिमाल गाउँपालिका, खण्डेश्वरी, दार्चुला ।

श्री उपाध्यक्षज्यू अपिहिमाल गाउँपालिका, खण्डेश्वरी, दार्चुला ।

**बोधार्थः**

श्री पूर्वाधार विकास शाखा/योजना तथा अनुगमन शाखाः सम्बन्धित सबैलाई जानकारी गराउन हुन ।

श्री वडा कार्यालय सबैः आफ्नो वडा भित्र भईरहेका निर्माण कार्यमा संलग्न पक्षलाई ताकेता गर्न हुन ।

श्री सूचना प्रविधि शाखा : सूचना वेवसाईट, फेसबुक पेजमा अपलोड गर्न हुन ।